PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल, काठमाण्डौ

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१७

### "महिलाहरुलाई आकर्षक रोजगारीको प्रलोभन देखाई भारत,दिल्लीमा लगी बेचबिखन गर्ने कार्यमा संलग्न महिला पक्राउ"

सुर्खेत,दैलेख लगायतका पहाडी जिल्लाहरुबाट महिलाहरुलाई भारतमा आकर्षक रोजगारीको प्रलोभन देखाई नयाँ दिल्ली स्थित रहेको यौन गतिविधि हुने केन्द्रमा लगी बेचबिखन गरेको भन्ने जाहेरी दरखास्तको आधारमा यस व्युरोबाट खटिएको टोलीले जिप्रका बाँके संग समेत समन्वय गरी मिति २०८० मंसिर १४ गतेका दिन नेपालगंजबाट पक्राउ गरी ल्याई सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ०५(पाँच)म्याद थप गरी आवस्यक अनुसन्धान कार्य भईरहेको।

**पक्राउ परेका अभियुक्त-**

जिल्ला बाँके बैजनाथ गाउँपालिका वडा नं ८ स्थायी वतन भएकी बर्ष ३९ की मुना ठकुरी भन्ने मुना कुमारी मल्ल।

**अभियुक्तको फोटोः-**



(मुना कुमारी मल्ल)

## अनुसन्धानबाट खुल्न आएको:-

- भारतमा घरको सरसफाईमा राम्रो कमाई हुने प्रलोभन देखाई महिलाहरुलाई नेपाल बाट लैजाने गरेको खुल्न आएको।
- सुर्खेत,दैलेखका ग्रामीण ईलाकाका आर्थिक अवस्था कमजोर भएका, कम पढेलेखेका एकल महिलाहरुलाई टार्गेट बनाउने गरेका पाईएको।
- निजले भारतको नयाँ दिल्लीमा सञ्चालित यौन गतिविधी हुने केन्द्रमा एक जना नाबालिका सहित २ जना युवतीहरुलाई बेचबिखन गरेको खुल्न आएको।
- पिडीतहरुलाई भारतको दिल्लीबाट अन्यत्र स्थानमा समेत यौन गतिवीधिको लागि पठाउने गरेको पाईएको।
- पिडीतहरु भागेर हिड्दा समेत पुनः पिछा गरी समाती सोही गतिविधिमा लगाउने गरेको खुल्न आएको।
- महिलाहरुलाई भारतको दिल्लीमा लगी वेचबिखन गरेको भन्ने सूचना यस व्युरोमा प्राप्त भएपश्चात यस व्युरो,**Kin India**,शक्ति समुह, भारतीय प्रहरी समेतको सहयोग र समन्वयमा मिति २०८०।०४।२९ गतेका दिन उद्दार गरीएको।
- सो सम्बन्धमा थप अनुसन्धान भईरहेको।

**प्रहरी अधिकारी**
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक

मितिः- २०८०।०८।१५ गते।

सम्पर्क नं:-९८५२६९००१९